नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**जिल्ला प्रशासन कार्यालय, सिरहाका प्रमुख जिल्ला अधिकारीबाट स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) तथा संक्रामक रोग ऐन, २०२० को दफा ३ र ४ अनुरुप मिति २०७७ मंसिर १७ गते राती १२:०० बजे देखि २०७७ मंसिर ३०गते राति १२:००सम्म सिरहा जिल्ला भरका लागि भएको आदेश :**

## मिति २०७७ मंसिर १७

सिरहा जिल्लामा कोभिड १९ को संक्रमण जोखिम कायमै रहि कोभिड १९ को संक्रमणबाट २३ जना व्यक्तिहरुको दुःखद निधन भैसकेको र हाल ४१ जना संक्रमित रहेको । कोभिड १९ संक्रमण न्यूनीकरण गर्न स्वास्थ्य र सुरक्षा मापदण्ड तथा प्रोटोकलको पालना गर्दै जनजीवनलाई पनि अनुकुल तुल्याउन आवश्यक देखिएको हुँदा मिति २०७७ साल मंसिर १७ गते राती १२:०० बजे देखि मिति २०७७ साल मंसिर ३० गते राती १२:०० बजे सम्म सिरहा जिल्ला भर लागु हुने गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र संक्रमक रोग ऐन, २०२० को दफा ३ र ४ को अधिकार प्रयोग गरी देहाय अनुरुप हुन यो आदेश जारी गरिएको छ ।

यस आदेशमा उल्लेखित देहायका शर्त पालना गर्ने गराउने तर्फ क्रियाशिल भई कोभिड १९ संक्रमणको जोखिम न्यूनीकरणमा सहयोग पुर्‍याउन सिरहा जिल्ला स्थित जिल्ला समन्वय समितिको कार्यालय, सबै (१७ वटा) स्थानीय तहहरु, राजनीतिक क्षेत्र, उद्योग, वाणिज्य/व्यपारिक संघ संस्था, सामाजिक संघसंस्था, आम सर्वसाधारण एवं सरोकारवालाहरुमा अनुरोध छ ।

## निषेध गरिएका गतिविधिहरु :

१. **सार्वजनिक खेलकुद, नाच,तमासा, मेलावा भिडभाड हुने कार्यक्रमको आयोजना ।**
२. भीडभाड हुने गतिविधि : जस्तै **जात्रा, महोत्सव, भोजभतेर र हाटबजार,** मानिसहरु भेला हुन,सभा जुलुस वा प्रदर्शन हुने जस्ता कार्य गर्नगराउन ।
३. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा दैनिक नित्यपुजा, आराधना बाहेकका गतिविधिहरु संचालन गर्न ।
४. चाडपर्व लगायतका धार्मिक साँस्कृतिक तथा सामाजिक कार्य गर्नका लागि हुने जमघटहरु ।
५. मापदण्ड र प्रोटोकल विपरितको सबै प्रकारका सभा, गोष्ठी वा तालिम र सेमिनार ।
६. सिनेमाहल, पार्टी प्यालेस, मनोरंजनस्थल, शैलुन, व्युटिपार्लर, स्पा, स्वीमिंगपुल, जिमखाना, प्रदर्शनी, पुस्तकालय, संग्रहालय संचालन गर्न ।
७. बढी भिडभाड हुने उद्योग, कलकारखाना, व्यापार/व्यवसायअन्तर्गतका स्वास्थ्यतथा सुरक्षा मापदण्ड विपरित हुने क्रियाकलापहरु गर्न ।
८. **स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित** यातायात, उद्योग, व्यापार,व्यवसाय, निर्माण आदि कार्य गर्न **उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्वन्धि कार्यविधि, २०७७** का विपरित कामदारको ओसार पसार तथा प्रयोग गर्न ।
९. विद्यालय शिक्षा सम्वन्धी आकस्मिक कार्ययोजना, २०७७ तथा विद्यार्थी सिकाई सहजिकरण निर्देशिका,२०७७ र विद्यालय संचालन सम्वन्धि कार्यढाँचा,२०७७ विपरितका कार्य गर्न ।
१०. नेपाल सरकारद्धारा निषेध गरेका अन्य विषय तथा क्षेत्रहरु ।

**प्रदीपराज कणेल**
**प्रमुख जिल्ला अधिकारी**

**प्रमुख जिल्ला अधिकारी**